मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्राथमिक उपचार**

**उद्देश्य:**
☞ जीवन बचाउनु,
☞ दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
☞ अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु,
☞ चोट वा घाउको अवस्था बिग्रन नदिनु ।

**कस्तो अवस्थामा के गर्ने:**
☞ सफा कपडाले रगत बग्नबाट रोक्ने,
☞ पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
☞ अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
☞ हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,
प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आगजनीमा परेका सरकारी कार्यालय सरसफाइ सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ जेनजी आन्दोलनका क्रममा आगजनीमा परेका बागमती प्रदेशका मन्त्रालय तथा सरकारी कार्यालयमा सरसफाइको काम सुरु भएको छ ।

सामान्य अवस्थामा प्रशासकीय काममा व्यस्त हुने कर्मचारी अहिले जलेका मन्त्रालय र कार्यालय सफा गर्न जुटेका छन् । हेटौंडा उपमहानगरपालिका कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयसहित बागमती प्रदेशका विभिन्न मन्त्रालयका कर्मचारीले जलेर बाँकी रहेका उपकरणको अवस्था जाँचिरहेका छन् । सहकारी तथा गरिबी निवारण मन्त्रालयका सूचना अधिकारीका रामप्रसाद गजुरेलका अनुसार कार्यालयमा रहेका ६० हजार भन्दा बढी फाइल जलेका छन् । बागमती प्रदेशअन्तर्गतका ३२ सय ३० सहकारीका फाइल जलेका छन् ।

तिमध्ये करिब २७ सय सहकारीका फाइल अनलाइन प्रविष्ट भएका कारण सुरक्षित रहेका छन् । समस्याग्रस्त घोषित गरिएका सबै सहकारीका फाइल भने सुरक्षित रहेको सहकारी महाशाखाले जनाएको छ । मन्त्रालयको तल्लोतला पूरै जलेको छ भने अन्य तलामा आंशिक क्षति पुगेको छ । बागमती प्रदेशका १० वटा मन्त्रालय पूर्णरुपमा जलाइएको छ । यातायात व्यवस्था कार्यालयभित्रका महत्वपूर्ण कागजपत्र, फर्निचर र अन्य सामग्री काम लाग्ने अवस्थामा छैनन् । जेनजी समूहको आन्दोलनका क्रममा मकवानपुरका ४० भन्दा बढी सरकारी कार्यालयमा तोडफोड तथा आगजनी भएको छ ।

**कुन-कुन कार्यालय ध्वस्त भए ?**

आन्दोलनका क्रममा हेटौंडा-१० मा रहेको प्रदेशसभा सचिवालय, बागमती प्रदेशको भवन, आन्तरिक राजस्व कार्यालय मकवानपुर, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, हेटौंडा उपमहानगपालिका १० नम्बर वडा कार्यालय जलेका छन् ।

हेटौंडा-१ स्थित ४ वटा मन्त्रालय रहेको भवन ध्वस्त भएको छ, जसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, खानेपानी तथा ऊर्जा सिंचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय थियो ।

हेटौंडा-२ मा रहेका आर्थिक मामिला तथा योजना मन्त्रालय, लोकसेवा आयोग हेटौंडा कार्यालय, उच्चअदालत पाटनको हेटौंडा इजलास, जिल्ला अदालत मकवानपुर, सरकारी वकिल कार्यालय, मुख्यमन्त्रीको सरकारी निवास, बागमती प्रदेश प्रमुखसचिवको निवास, मालपोत कार्यालय, नापी कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौंडा उपमहानगर पालिकाको कार्यालय, सहरी विकास तथा भवन कार्यालय, कोष तथा लेखानियन्त्रण कार्यालय हेटौंडा, कर्मचारी सञ्चयकोष हेटौंडा, नापी कार्यालय मकवानपुर जलेका छन् ।

भाटभटेनी सुपरमार्केट समेत आन्दोलनको क्रममा जलाइएको छ । हेटौंडा-११ मा रहेका सहकारी तथा गरिबी निवारण मन्त्रालय, यातायात सेवा कार्यालय, प्रदेश आपतकालीन आपूर्ति केन्द्र र ट्राफिक प्रहरी कार्यालयमा पनि तोडफोड र आगजनी गरिएको छ । बकैया गाउँपालिका कार्यालय, मनहरी गाउँपालिका कार्यालय, हटौंडा उपमहानगपालिका वडा नम्बर ३ को कार्यालय भवन, वडा नम्बर ४ को कार्यालय, प्रदेश लोकसेवा आयोग हेटौंडा, सञ्चार रजिष्टारको कार्यालय हेटौंडामा क्षति पुगेको छ । जिल्ला समन्वय समितिको सवारीसाधन जलाइएको र भवन तोडफोड भएको छ ।



**मुख्यमन्त्री कार्यालयमा आंशिक क्षति**

बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भने खासै क्षति व्यहोर्नु परेन । कार्यालयको चमेनागृहका केही सिसामा क्षति पुगेपनि प्रशासकीय भवनमा क्षति पुगेको छैन ।

प्रदर्शनकारीले जिल्ला प्रशासन कार्यालय मकवानपुरसँगै रहेको मुख्यमन्त्रीको कार्यालयमा क्षति पुऱ्याएका छैनन् । प्रशासन कार्यालयको सुरक्षाका लागि बाक्लो मात्रामा खटिएका प्रहरी र सेनाको टोलीले भवनलाई सुरक्षा प्रदान गरेका थिए । पटकपटक प्रशासन कार्यालय र मुख्यमन्त्री कार्यालय तोडफोडका लागि आक्रामकरुपमा अघि बढेका प्रदर्शनकारीलाई रोक्न सुरक्षाकर्मी सफल भएका थिए । सोही कारण मुख्यमन्त्री कार्यालयको कम्पाउन्डभित्रै रहेको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय सुरक्षित रहेको छ ।

**जिल्ला अदालतमा शुक्रबार सरसफाई**

गत भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको मकवानपुर जिल्ला अदालतमा शुक्रबार सरसफाइ गरिएको छ ।

अदालतका कर्मचारी तथा कानुन व्यवसायीले संयुक्तरुपमा सरसफाई गरेका हुन् । उनीहले जलेर बाँकी रहेका कागजात, तोडफोड भएका कार्यालय सामग्री तथा फर्निचर व्यवस्थापन गरेका थिए । सरसफाइसँगै क्षति मूल्यांकन गर्ने काम पनि सुरु भएको छ । अदालत परिसरमा आगजनी र तोडफोडले करिब तीन करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । भवनको तल्लोतलामा श्रेष्तेदार कक्ष र सुपरीवेक्षण कक्ष पूर्णरुपमा जलेको छ भने माथिल्लो तलामा आंशिक क्षति पुगेको छ ।

विभिन्न कानुनी अभिलेख, फर्निचर, कम्प्युटर तथा विद्युतीय उपकरण जलेका छन् । अन्य सेवा पुन: सुरु गर्न केही समय लाग्ने भएपनि बन्दी प्रत्यक्षीकरणको कार्य आइतबारदेखि सुरु गर्ने तयारी अदालतले गरेको छ ।

## अन्तरिम सरकारको प्रधानमन्त्रीमा सुशीला कार्की

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ पूर्वप्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त हुनुभएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ६१ अनुसार कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको हो ।

राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा राष्ट्रपति पौडेलले कार्कीलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो । कार्यक्रममा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, उच्च पदस्थ अधिकारी तथा कूटनीतिज्ञहरूको उपस्थिति थियो ।



शपथ ग्रहणपछि सबै मन्त्रालयको जिम्मेवारी तत्कालका लागि प्रधानमन्त्री कार्की स्वयंले वहन गर्ने व्यवस्था गरिएको छ । शीतल निवास स्रोतका अनुसार, शपथपछि प्रधानमन्त्री कार्कीले गृह मन्त्रालयको नयाँ भवनमा पदभार ग्रहण गरी पहिलो निर्णयका रूपमा प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने सहमति भएको छ । सुशीला कार्की देशको पहिलो महिला प्रधानमन्त्री बन्नुभएको हो । यसअघि उहाँ देशकै पहिलो महिला प्रधानन्यायाधीश बन्नुभएको थियो ।

## प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउन राष्ट्रपति पौडेलको अपिल

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ राष्ट्रपति रामचन्द्र पौडेलले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराउने काममा सहयोग गर्न सबै पक्षलाई अपिल गरेका छन् ।

राष्ट्रपति पौडेलले शनिबार वक्तव्य जारी गरी बडो जुक्तीले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिँदै आगामी फागुनका लागि तोकिएको चुनाव सम्पन्न गराउन सबै पक्षलाई हार्दिक अपिल गरेका हुन् ।

राष्ट्रपति पौडेलले वक्तव्यमा भने, 'देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात एउटा शान्तिपूर्ण निकास निस्किएको छ ।

संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् ।'

## निषेधाज्ञा हटेसँगै मकवानपुरमा जनजीवन सामान्य बन्दै



साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ अन्तरिम सरकार गठन भएसँगै हेटौंडामा पनि आमनागरिकको जनजीवन सामान्य बन्दै गएको छ ।

शनिवार बिहानबाट हेटौंडामा जनजीवन सामान्य बन्दै गएको हो । सवारीसाधन चल्न थालेका छन् भने बजार र पसल आंशिकरुपमा खुलेका छन् । आन्दोलनपछि मकवानपुरमा लगाइको कर्फ्यु र निषेधाज्ञा हटेको छ । शान्तिसुरक्षाको अवस्था सामान्य रहेको छ । दैनिक जीवनयापनका लागि अत्यावश्यक सामग्री खरिद गर्न सर्वसाधारण बजारमा निस्किन थालेका छन् । यसका साथै राजमार्गमा सार्वजनिक यातायात पनि सुचारु भएको छ । लामो तथा छोटो दूरीका सवारीसाधन सञ्चालनमा आएसँगै यात्रुहरु गन्तव्यमा निस्किएका छन् ।

काठमाडौं-हेटौंडा जस्ता छोटो दूरीका रुटहरुमा सुमो, इभि भ्यान लगायत सवारीसाधन आंशिक सञ्चालनमा आएका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरले शनिबार बिहान सूचना जारी गर्दै बिहान १० बजेबाट निषेधाज्ञा र कर्फ्यु हटाइएको जानकारी दिएको छ । शनिवार बिहानैबाट हेटौंडा बजारमा आमसर्वसाधारणको चहलपहल बढेको थियो भने सवारी साधन गुड्न थालेका थिए । निषेधाज्ञा र कर्फ्यु हटाइएसँगै छोटा तथा लामा दूरीका सवारी साधन पनि गुड्न थालेका छन् ।

आन्दोलनको क्रममा प्रदेशको राजधानीमा रहेको करिब तीन दर्जन सरकारी कार्यालय र एकदर्जन निजी सम्पत्तिमा तोडफोड तथा आगजनी भएको थियो । क्षतिको विवरण पूर्णरुपमा आइसकेको छैन भने सरकारी तथा निजी व्यवसायीले क्षति भएको ठाउँमा सरसफाइ सुरु गरेका छन् । यता मकवानपुर प्रहरीले आन्दोलनको क्रममा लुटिएको सामान खोज्न सुरु गरेको छ ।

## राष्ट्रपतिलाई सार्वजनिक गर्न माग गर्दै प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ हेटौंडामा संविधानरक्षाको माग गर्दै युवाहरु शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका छन् । हेटौंडाको मुख्य बजारक्षेत्रमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत दलनिकट युवाले संविधानरक्षा, नागरिक सर्वोच्चता कायम, सैनिक शासन चाहिँदैन र राष्ट्रपति रामचन्द्र पौडेललाई सार्वजनिक गर भन्दै नाराबाजी गरेका हुन् ।

निषेधाज्ञा भइरहेकोले प्रदर्शन रोक्न नेपाली सेना अग्रभागमा खटिएको थियो । सेनाले रोक्न खोज्दा पनि युवाहरु प्रतिकारमा उत्रिँदै सडकमा नारा लगाइरहेका थिए । प्रदर्शन नेपाली कांग्रेस मकवानपुरका सचिव इश्वर पाठक, एमाले निकट राष्ट्रिय युवा संघ मकवानपुरका अध्यक्ष राजेश नगरकोटीलगायत युवाको नेतृत्वमा भएको हो । उनीहरुले हुप्राचौरबाट ऱ्याली सुरु गरी मेनरोड, बैंकरोड हुँदै सीमाचोकमा गएर कोणसभा गरेका थिए ।

कोणसभा सकेर युवाले स्कुलरोड, पारिजातपथबाट पुन: हुप्राचौर पुगेर प्रदर्शन सम्पन्न गरेका थिए । सीमाचोकमा भएको कोणसभालाई सम्बोधन गर्दै युवा संघ अध्यक्ष नगर कोटीले संविधान रक्षाका लागि सुरु भएको प्रदर्शन नरोकिने र हजारौं सडकमा उत्रिने चेतावनी दिए ।



साझाकुरा

## हाम्रो कुरा

# चरम बेथितिको परिणाम

मुलुकमा ब्याप्त भ्रष्ट्राचारको बिरोध गर्न उत्रिएका युवालाई सरकारले तातो गोली उपहार दियो । सोमबारको शान्तिपूर्ण आन्दोलनमा अत्यधिक बल प्रयोग गरी निर्दोष युवाको टाउको गोली प्रहार भएको भोलिपल्ट देश खरानी बन्यो । सत्ताधारी एकजनाको अनावश्यक हठले निम्तिएको परिणामले देश खरानी बन्यो । एकातिर युवा पुस्तालाई स्वदेशमा कसरी टिकाउने भन्ने बहस भइरहेको समयमा सरकारले युवापुस्तामा चरम निराशा पैदा गरायो । भ्रष्ट्राचारीको अनुहार हेर्न चाहन्न भन्ने केपी ओलीले ईतिहासमै सबैभन्दा ठूलो भ्रष्ट्राचार काण्ड मच्चाए । यतिसम्म कि ओलीको बिरोध गर्ने जो कोहीलाई भित्तामा पुऱ्याउने खेलमा ओली मस्त भए । सर्वसाधारणले चलाउने सामाजिक संजाल बन्द गरेर सरकारले चरम निरंकुशता देखायो । सोमबार जेनजी युवाको प्रदर्शनका क्रममा भएको झडपमा मृत्यु हुनेको संख्या साँझसम्म १९ पुगेको थियो तर, यो संख्या शनिबार साँझसम्म आइपुग्दा ५१ पुगेको छ । यो संख्या अझै बढ्नसक्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीले बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका विभिन्न अस्पतालबाट लिएको विवरण अनुसार मृतकको संख्या ५१ पुगेको छ ।

देशभर विभिन्न अस्पतालमा करिव २ हजार जना घाइते उपचार भएका छन् । बिगतका दिनमा हुने गरेका आन्दोलनमा प्रहरीले लाठीचार्ज र पानीको फोहराले आन्दोलनकारी भगाउने कार्य गर्दथ्यो । त्यो भन्दा थप दवाब बढेको खण्डमा टियरग्यासको प्रयोग गर्दथ्यो । त्यसपछि पनि भीड नियन्त्रणमा आएन भने रवरको गोली हान्ने गरेको थियो । त्यसपछि हवाइ फायर गर्ने र यो भन्दा अगाडि जानु पर्ने अवस्था आयो भने आन्दोलनकारीको घुँडा भन्दा मुनी लाग्ने गरी गोली चलाउने गरेको थियो । तर, यो आन्दालनमा प्रहरीले सीधै विद्यार्थीको छाती र टाउको ताकेर निर्ममरुपमा गोली प्रहार गरेको अवस्था छ । आन्दोलनकारीलाई मार्ने भन्दा पनि भीड नियन्त्रणमा लिने कार्यमा बुद्धिमतापूर्वका काम गर्नु पर्ने ठाउँमा अत्यधिक बल प्रयोग गरेर निहत्था विद्यार्थीलाई तातो गोली उपहार दिनु नै ओली सरकारको दम्भ थियो । सोमबारको युवाको शान्तिपूर्ण आन्दोलन भड्काउन मलजल गर्ने पक्ष कुन थियो त्यो विषयमा खासै चासो देखाइएन वा जरुरी ठानिएन । सीधा आन्दोलनकारीको टाउको र छातीमा तातो गोली ठोक्ने आदेश कसले र किन दियो ? यो अराजकता कहाँबाट सुरु भयो ? युवाले देश सुधार गर्न खोज्ने विषय बेठीक पक्कै थिएन । भ्रष्टाचार, वेथिति र सामाजिक सञ्जाल बन्दको विरोधमा जेनजीले गरेको प्रदर्शनको समाचार संकलनमा खटिएका बेला प्रहरीले चलाएको गोली लागेर चारजना पत्रकार घाइते भए । मुलुकको सबैभन्दा संबेदनशील सिंहदरबार क्षेत्रमा रातभर आगो लाग्ने अवस्था कसले गर्दा आयो ? संसदभवन, सर्वोच्च अदालत, शितलनिवास, बवरमहल, नेपाल राष्ट्रबैंकलगायत भएभरका प्रशासनिक भवन खरानी भयो । मुलुकका शीर्षनेता, पूर्वमन्त्रीका निजीभवनमा आगजनी तोडफोड, लुटपाट हुनु भनेको राजनीतिक आन्दोलन हुँदै होइन । जेनजी आन्दोलनमा भएको घुसपैठका कारण प्रदर्शनकारीले ठूला उद्यमी तथा बहुराष्ट्रिय कम्पनीका घर, कार्यालय र उद्योगमा छानीछानी आक्रमण गरेका छन् ।

उद्यमीका सुपरमार्केट, उद्योग, होटेल, सञ्चारमाध्यम, वायुसेवा कम्पनी, घर र निवासमा आक्रमण हुँदा अर्बौंको क्षति पुगेको छ । यसको जिम्मेवारी कसले लिने त ? भाटभटेनी सुपरमार्केटका कम्तिमा १४ वटा स्टोरमा आक्रमण भएको छ । काठमाडौं उपत्यका अधिकांश स्टोरमा प्रदर्शनकारीले लुटपाट र आगजनी गरी पूर्णरुपमा ध्वस्त बनाएका छन् । केही महिनाअघि दुर्गा प्रसाईंले नेतृत्व गरेको राजावादी आन्दोलनमा पनि भाटभटेनीमा लुटपाट र तोडफोट भएको थियो । यसबाट पाठ सिक्नु जरुरी थियो । चौधरी ग्रुपका अध्यक्ष तथा विनोद चौधरीको रविभवनस्थित निवास र सीजीको सतुंगलस्थित डिजिटल पार्कमा आगो लगाएर ध्वस्त बनाइयो । गैरआवासीय नेपाली संघ (एनआरएनए) का संस्थापक अध्यक्ष व्यवसायी उपेन्द्र महतोको आवासमा लुटपाट, तोडफोड र आगजनी भयो । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छाको सीतापाइलास्थित निवासमा आगजनी, लुटपाट र तोडफोड भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ३० गते सोमबार १५ सेप्टेम्बर २०२५ । अष्टमी, आश्विन कृष्णपक्ष । ञलगा ११४५ ने.सं. । सूर्योदय ५:४९ सूर्यास्त ६:०७ । जितिया पर्व ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोगीको राम्रो साथ पाइनेछ | तुला | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| वृष | : रोकिएका काम बन्ने योग छ | वृश्चिक | : समय उत्साहवर्द्धक छ |
| मिथुन | : लगानीको अवसर जुट्नेछ | धनु | : आम्दानी बढ्नेछ |
| कर्कट | : यात्रा अघि बढ्न सक्नेछ | मकर | : पितृधन लाभ हुनेछ |
| सिंह | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | कुम्भ | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कन्या | : छिमेकमा असमझदारी बढ्नेछ | मीन | : कृषिमा हानि हुनेछ |

# जेनजीलाई अवसरसँगै सुशासन कार्यान्वयनको चुनौती



✍शैलेन्द्र महतो

देशमा सामाजिक सञ्जाल प्रतिबन्ध र कुशासनविरुद्ध भदौ २३ र २४ गतेको जेनजीको आन्दोलन, युवाहरूसहित ५१ नेपालीको सहादतले नयाँ अध्यायको सुरुवात भएको छ । केपी शर्मा ओलीको हठतन्त्रले उत्पन्न गरेको विषम परिस्थिति तत्कालका लागि टरेको छ । जेनजीको प्रस्ताव अनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र संसद् विघटनसँगै देश सामान्य अवस्थामा फर्किन खोजिरहेको छ । यसबाट युवामा उत्साह बढेको छ ।

भ्रष्टाचार, कुशासन तथा बेतिथिको अन्त्य हुने आशाको किरण जागेको छ । तर, यो मार्ग सजिलो भने छैन । सुशीला कार्की नेतृत्वको सरकार अन्तरिम हो । यसको आयु आगामी फागुन २१ गते घोषणा गरिएको प्रतिनिधिसभाको निर्वाचनसम्मलाई मात्र हो । यो सरकार केही महत्वपूर्ण कदमको विजारोपण गर्न सक्छन् होला । तर, चीरकालसम्म सुशासनको लागि संविधान र कानुन उपयुक्त हुनु पर्दछ। अन्तरिम सरकारलाई चुनौतीसँगै पर्याप्त अवसर आएको छ ।

देश र यसको प्रत्येक निकाय कानुनले चल्ने हो, कुनै व्यक्तिको भनाइ वा भावनाले होइन । व्याप्त भ्रष्टाचार नियन्त्रण गर्ने एकमात्र उपाय भनेको कठोर कानुनी व्यवस्था र त्यसको इमान्दार कार्यान्वयन हो । जबसम्म कडा कानुन निर्माण र लागू हुँदैन, जबसम्म भ्रष्टाचारीको सम्पत्ति जफत हुँदैन, तबसम्म हामीले सपना देखेको सुशासन सम्भव छैन। समाजमा कानूनको डर अनिवार्य हुनुपर्छ–जसरी जघन्य अपराध गर्नुअघि मान्छेमा सजायको भय हुन्छ। त्यसरी नै भ्रष्टाचार गर्नु अघि कानुनसँग डर होस् ।

तर अहिलेसम्मको कानुन भ्रष्टाचार विरुद्ध पर्याप्त कठोर छैन । जे जति व्यवस्था छ, त्यसमा पनि अनेकौं छिद्र छन्। यसको नजिर विशेष अदालतमा प्रयाप्त भेटिन्छन् । किन भने अख्तियार दुरुपयोग अनुसन्धन आयोगले विशेष अदालतमा दायर गर्ने अधिकतम भ्रष्टाचार मुद्दामा सफाइ पाउनेहरू बढी देखिन्छन् ।

करोडौं अर्बौंको भ्रष्टाचार गर्नेहरू समान्य धरौटीमा छुट्ने गरेको, भ्रष्टाचार प्रमाणित हुँदा पनि थोरै सजाय पाउने, सर्वोच्चमा पुनरावेदन गरेर सफाई वा थोरै सजाय पाउने कयौं घटनाहरू छन् । यसले अदालहरूको निस्पक्षतामाथि पनि प्रश्न छ । देशका कथित ठूला एवं शक्तिशाली नेता/कर्मचारी वा भ्रष्टाचार काण्डका फाइल अख्तियारमा थन्कने, कारबाही प्रक्रिया अघि नबढ्ने भनेर अख्तियारमाथि समेत पटक पटक प्रश्न उठ्ने गरेको छ ।

न्यायिक र संवैधानिक निकायमा दलगत भागबण्डाका आधारमा हुने नियुक्ति र त्यस्ता पदाधिकारीको कार्यशैलीले जनमानसमा शंका पैदा गरेको छ । राजनीतिक आडमा आफ्नालाई जोगाउने र विपक्षीलाई दमन गर्ने प्रवृत्तिले न्यायप्रति अविश्वास बढाएको छ । पदको दुरुपयोग गरेर अकुत सम्पत्ति आर्जन गर्नेहरू राजनीतिक संरक्षण र पैसाको बलमा उन्मुक्ति पाउँछन्। भ्रष्टाचारीहरू समाजमा राजा हरिशचन्द्रझैं सगर्व हिँडिरहेका छन् र विलासी जीवन बाँचिरहेका छन् । यो नै भ्रष्टाचारलाई थप प्रोत्साहन गर्ने कारण बनेको छ । त्यसैले कडा कानुन निर्माण र त्यसको कार्यान्वयनमा पूर्ण इमान्दारी नभएसम्म देशलाई भ्रष्टाचार मुक्त त के नियन्त्रण समेत गर्न सकिँदैन ।

भ्रष्टाचार नियन्त्रणका लागि कठोर कानुन बनाउन, स्थायी सरकारको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था र संविधानमा दल, नेता तथा बिचौलियाका स्वार्थपूर्ण प्रावधानहरू संशोधन वा पुनर्लेखन गर्नुपर्दछ । यो अत्यन्त चुनौतीपूर्ण छ । यसका लागि दुईतिहाइ बहुमत चाहिन्छ, जुन संवैधानिक प्रावधानअनुसार चुनावमार्फत मात्र सम्भव हुन्छ । यदि आगामी निर्वाचनमा यस्ता साझा एजेण्डा बोकेका युवाले दुईतिहाइ बहुमत सुनिश्चित गर्न सके भनेमात्र संविधान संशोधन सम्भव हुन्छ, नभए यो कार्य फलामे च्युरा चपाएजस्तो कठिन हुनेछ ।

देशमा हालैसम्म पनि दलहरूको प्रभुत्व छ । केन्द्रदेखि टोलसम्मै दलका कमिटीले नियन्त्रण जमाइरहेका छन् । आगामी चुनावमा पनि ती दलहरूको प्रभावशाली उपस्थिति हुने सम्भावना प्रबल छ। जसले फेरि पुरानै अवस्था दोहोरिन सक्ने संकेत दिन्छ । त्यसैले अबको जेनजी पुस्ताले देशभक्त, इमान्दार र चरित्रवान युवा तथा प्रतिष्ठित व्यक्तिहरूलाई जोडेर टोल-टोलमा अभियान सञ्चालन गर्नुपर्ने हुन्छ ।

साथै जनतालाई परिवर्तनशील सोच बनाउन, सचेत बनाउन र 'हाम्रो' होइन 'राम्रा' लाई मत दिन प्रेरित गर्नुपर्छ। मतदाता इमान्दार नभएसम्म सुशासनको कल्पना गर्न सकिँदैन । मतदाताको कमजोरीको फाइदा उठाएरै नेताहरूले अहिलेसम्म जित्दै आएका छन् र समाजसेवामुखी हुनुपर्ने राजनीति भ्रष्टाचारको साधन बनेको छ ।

अहिले पनि मतदातामा दलप्रतिको लगाव, पार्टीको चुनावी छापप्रतिको वफादारी र आर्थिक रूपमा कमजोर वर्गले सानो रकम वा भोजभतेरका आधारमा मत दिने परम्परा विद्यमान छ । कतिपय ठाउँमा वर्गीय, जातीय र सामुदायिक आधारमा मत दिने प्रवृत्ति पनि बलियो छ। हाम्रो चुनावी व्यवस्था खर्चिलो छ । यसले जतिसुकै राम्रा मान्छे भए पनि आर्थिक रुपमा कमजोर भए जित्न सक्ने सम्भावना न्युन हुन्छ । यी सबै प्रवृत्तिहरू अन्त्य नगरेसम्म स्वच्छ, निष्पक्ष, इमान्दार र दक्ष व्यक्तिहरू चुनावबाट चुनिन सक्दैनन् ।

जबसम्म योग्य र कर्तव्यनिष्ठ व्यक्तिहरू जनप्रतिनिधिमा आउन सक्दैनन्, तबसम्म राम्रो सरकार बन्न सक्दैन । संविधान संशोधन सम्भव हुँदैन र सुशासन कायम हुन सक्दैन । उल्टै, फेरि उही भ्रष्ट प्रवृत्तिको वर्चस्व कायम रहिरहनेछ । हाम्री जस्तै साझा सुशासन, संविधान संशोधनको एजेन्डा बोकेका युवाहरू संगठित भएर अघि बढ्नुपर्छ । जेनजीको आन्दोलन र अन्तरिम सरकार बनाउने कार्यमा महत्वपूर्ण भूमिका र आम युवाका आशाका किरण बालेन्द्र साह जस्ता युवाले नेतृत्व सम्हालेर अभियान थालुन् ।

*(साभार: अनलाइनखबर)*

# जेनजी आन्दोलनका कारकहरू फेरि अर्को भड्खालो निर्माण गर्दै !

✍ सुदर्शन आचार्य

जेनजी पुस्ताले गरेको आन्दोलनका क्रममा क्षति भएका भौतिक संरचनाको भग्नावशेष पन्छाउने क्रम सुरु भएको छ । योसँगै विकृत राजनीतिका भग्नावशेष पन्छाउने क्रम भने सुरु हुन सकेको छैन । भग्नावशेष नपन्छाएसम्म पुनर्निर्माण सम्भव हुँदैन- चाहे त्यो भौतिक संरचनाको होस् या राजनीतिक चरित्र । भदौ २३ र २४ गते देशव्यापी रूपमा उर्लिएका जेनजी पुस्ताको आन्दोलनले मुलुकलाई नयाँ राजनीतिक धरातलमा ल्याइपुऱ्याएको छ । यसका लागि ५० भन्दा बढी नागरिकले प्राण उत्सर्ग गर्नुपऱ्यो भने मुलुकले ठुलो परिमाणमा भौतिक संरचनाको क्षति सहनु पऱ्यो ।

विगतलाई कसैले बदल्न सक्दैन तर वर्तमानलाई सचेततापूर्वक हाँक्न सकेमा भविष्य सुन्दर बनाउने सम्भावना रहिरहन्छ । बुद्धिमानहरू जतिसुकै अप्ठ्यारा बाटो भए पनि वर्तमानलाई सचेततापूर्वक हाँक्दै दुर्घटनाविहीन ढंगले गन्तव्यमा पुग्ने गर्दछन् । भदौ २३ गतेसम्म राजनीतिक नेतृत्वले यो कुशलता प्रदर्शन गर्न सकेको भए मुलुकले यति ठुलो जनधनको क्षति भोग्नुपर्ने थिएन । विगतलाई बदल्न नसकिए पनि भविष्यका लागि भने विगतबाट पाठ सिक्न जरुरी हुन्छ । विगतमा विभिन्न कोणबाट प्रकट हुँदै आएको जनअसन्तुष्टि, भ्रष्टाचारको विरोधमा उठेका स्वर, नेताहरूको स्वेच्छाचारितामा उठेका प्रश्न, लोकतान्त्रिक मूल्य र मान्यतामा प्रहार हुन लागेको भन्दै गरिएका खबरदारीलाई महत्त्व दिइएको हुन्थ्यो भने भदौ २३ गते भयङ्कर स्वरुपमा विस्फोट हुनेगरी ऊर्जा सञ्चित भएर बस्ने धरातल नै निर्माण हुँदैनथ्यो ।

यो आन्दोलनले संविधानलाई केही घाइते बनाएको छ । लोकतान्त्रिक मूल्य-मान्यतालाई केही हदसम्म कमजोर बनाएको छ । यस्तो अवस्थामा देश हाँक्छु भनेर राजनीतिक मैदानमा आएका नेताहरूले परिस्थितिको सही मूल्याङ्कन गरेर दीर्घकालीन सोचका साथ सङ्कटको अवस्थाबाट मुलुकलाई निकाश दिने सार्थ्य देखाउनु पर्छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले आन्दोलन मार्फत स्थापित शक्तिको माग बमोजिम सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिसकेका छन् । विश्वको इतिहासमा कैयौं राजनीतिक परिवर्तन अङ्कित छन्, जसमा आन्दोलनबाट स्थापित शक्तिले नै भविष्यको मार्गचित्र बनाउँछ । नेपालको राजनीतिक इतिहासमा पनि अहिलेसम्म त्यही हुँदै आएको छ ।

भदौ २३ गते बिहान जेनजी पुस्ता सडकमा नउत्रिँदासम्म आफूलाई 'अग्रगामी' देख्ने राजनीतिक शक्ति यो आन्दोलनको सफलतापछि पराजित शक्तिका रूपमा परिणत भइसकेको छ । नागरिक तहमा उठेका असन्तुष्टि, तत्कालीन नेतृत्वप्रतिको आक्रोशलाई 'प्रतिगमनकारी' र 'देशी-विदेशी प्रतिक्रियावादी शक्ति' भनेर नजर अन्दाज गर्ने नेतृत्व पछिल्ला पाँच दिनदेखि सार्वजनिक रूपमा बाहिर निस्कन सकेको छैन । ५ लाख, ७ लाख, १० लाख कार्यकर्ता रहेको भनिएका पार्टीका नेताहरूले देश र विकसित घटनाक्रम किन सम्हाल्न सकेनन् भन्नेबारे चर्चा गर्न छुट्टै अध्याय आवश्यक हुन्छ । यतिबेला वर्तमान अवस्थाबाटै देश र जनतालाई सुरक्षित धरातलमा कसरी पुऱ्याउन सकिन्छ भन्नेबारे चिन्तन गर्नु बुद्धिमानी हुनेछ । समयको माग पनि यही नै हो ।

राजनीतिमा नैतिकता सबैभन्दा मूल्यवान शक्ति हो । नैतिकताविनाको राजनीति उच्छृंखल र अराजक हुन्छ । त्यसैले राजनीतिक धरातलमा उत्रिने जो-कोहीले नैतिकताको कसीमा आफूलाई खरो उतार्न सक्नु पर्छ । कांग्रेस, एमाले, माओवादी केन्द्रमात्र होइन, वैकल्पिक शक्ति भनेर आफूलाई दाबी गर्दै आएको राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले पनि नैतिकताको कसीमा आफूलाई खरो उतार्न नसक्दा जेनजी पुस्ताका युवाहरूले विद्रोह गर्नुपरेको हो । फेरि पनि नैतिकताविहीन राजनीतिक धरातलकै खोजी गर्ने धृष्टता गऱ्यौं भने अर्को अकल्पनीय भड्खालोको सामना गर्नुपर्ने छ, जसको परिणाम आकलन गर्नसमेत कठिन हुनेछ ।

अहिले संसद् विघटनका बारेमा परम्परागत शक्तिले प्रश्न उठाइरहेको पाइन्छ । संसद् विघटन आन्दोलनबाट स्थापित शक्तिसँगको सम्झौता अनुसार राष्ट्रपतिबाट भएको हो । कुनै पनि आन्दोलन सफल भएपछि उत्पन्न हुने सङ्क्रमणकाललाई व्यवस्थापन गर्ने सन्दर्भमा आन्दोलनबाटै स्थापित शक्तिको मार्गचित्रलाई महत्त्व दिने गरिएको इतिहास विश्व राजनीतिका कैयौं अध्यायमा भेटिन्छन् । विश्वले कुनैवेला 'आतंकवादी' भनेको तालिवान अहिले अफगानिस्तानको आधिकारिक शक्ति हो, उसलाई विश्वले स्वीकार गरेको छ । तालिवान त्यहाँको संविधानको कुनै धारा टेकेर सत्तामा आइपुगेको होइन । नेपालको राजनीतिक इतिहासमा माओवादीलाई पनि यसैगरी स्वीकार गरिएको हो, जसले १० वर्ष लामो सशस्त्र संघर्ष गऱ्यो, दोस्रो जनआन्दोलन सफल बनाउन भूमिका निर्वाह गऱ्यो ।

संविधानको कुनै धारा टेकेर माओवादीले त्यति ठुलो संघर्ष गरेको थिएन । पहिलो संविधान सभा निर्वाचनमा माओवादी केन्द्रलाई जनताले यति ठुलो विश्वास गरेका थिए कि माओवादी नेतृत्वले समेत अनुमान गर्न सकेको थिएन । आज माओवादीको अवस्था के छ ? सबैका सामु छर्लङ्ग छ । आज जेनजी युवा जसरी एउटा शक्ति बनेर स्थापित भएको छ, यसको सदुपयोग गर्न जानेन भने भोलि ऊ पनि माओवादीकै शैलीमा पतनको यात्रा लाग्ने छ । त्यसैले इतिहासका गल्ती तथा कमजोरीबाट पाठ सिकेर अघि बढ्नु जेनजी पुस्ताका लागि जरुरी छ ।

पुराना शक्तिहरू अहिले संसद् विघटन भएकोमा जसरी प्रश्न उठाइरहेका छन्, यसले सङ्क्रमणकाल बढाउन र मुलुकलाई थप अस्थिरतामा लैजानबाहेक अर्को कुनै उपलब्धि दिनेवाला छैन । प्रधानमन्त्री नियुक्ति वा संसद विघटनबारे प्रश्न उठाएर मुलुकलाई सङ्क्रमणकालबाट माथि उठ्न नदिने प्रयास गर्नु नेपालजस्तो भूराजनीतिक प्रभाव बढेको मुलुकका लागि घातक हुन सक्छ ।

आन्दोलनबाट स्थापित शक्तिले आफ्नो मार्गचित्रमा मुलुकलाई अघि बढाउन संसद विघटनलाई सर्तका रूपमा अघि साऱ्यो । आन्दोलन सफल भइसकेको परिस्थितिमा राज्यका परम्परागत शक्तिका रूपमा रहेका राष्ट्रपतिले सेनाको समेत सहयोगमा मुलुकलाई निकासको एउटा बाटोमा अघि बढाएका छन् ।

अन्तरिम सरकार गठन र नयाँ निर्वाचनको समयसीमा त्यसको एक अध्याय हो । यो अवस्थामा अब ६ महिनाभित्र प्रतिनिधि सभा निर्वाचन गराउने वातावरण निर्माणतिर सबैले जोडबल गर्नुपर्छ । मुलुकको नेतृत्व चाँडोभन्दा चाँडो जननिर्वाचित निकायको जिम्मा लगाउनुपर्छ । संविधानलाई समेत पूर्णरूपमा कार्यान्वयनमा लैजाने यो एक छोटो र सहज बाटो हुन सक्छ ।

इतिहासमा सीमित भइसकेको राजतन्त्र जसरी जुर्मुराउन खोजिरहेको छ, त्यही विधि र शैलीमा अब पुराना दलले आफूलाई सीमित गर्ने होइन, अन्तरिम सरकारलाई तोकिएको समयावधिभित्र निर्वाचन गराउने वातावरण निर्माणमा आफ्नो भूमिका केन्द्रित गर्न जरुरी हुन्छ । अहिले क्रान्ति र प्रतिक्रान्तिबिचको द्वन्द्व बढाउनु भनेको मुलुकलाई थप अस्थिरतातर्फ धकेल्ने प्रयासमात्र हो । पुराना दलहरू सच्चिएर अघि बढेमा मात्र नयाँ पुस्ताले खोजेको परिवर्तनलाई लोकतान्त्रिक मूल्य-मान्यता अनुसार संस्थागत गरी देशलाई यो अवस्थाबाट निकास दिन सकिन्छ ।

जेनजी पुस्ताले गरेको विद्रोह सामान्य होइन । मुखले 'युवा पुस्ता आएमा नेतृत्व छाड्न तयार छु' भन्ने तर व्यवहारमा अझै पाँच वर्ष, दश वर्ष नेतृत्वमा आफैं रहने प्रचञ्च रचेर बसेका नेतृत्वहरूले आफैंसँग प्रश्न गर्नुपर्छ- यो जेनजी पुस्ताका युवाहरू प्रमुख दलका विद्यार्थी संगठनमा किन रहेनछन् ? प्रश्न यतिमा मात्र सीमित छैन । जेनजी पुस्ताभित्र हुर्किंदै गरेको विद्रोहको ज्वारभाटा दलहरूले आफ्नो पार्टीभित्रका जेनजी पुस्ताबाट किन थाहा पाएनन् ? थाहा पाएका भए समयमै किन त्यसलाई सम्बोधन गर्न सकेनन् ? युवा पुस्ता र राजनीतिक दलहरूबिच कसरी यति धेरै दुरी बढेको रहेछ ? सबैजसो दलका विद्यार्थी संगठन थिए तर ती विद्यार्थी संगठनले जेनजी पुस्ताको मागलाई किन समयमै बुझ्न र आफ्नो दललाई खबरदारी गनए नसकेका रहेछन् ?

यी सबै प्रश्नको उत्तर सहज छ- नेतृत्वमा बुढो पुस्ताको बढ्दो लालच अनि पार्टीभित्र फरक मत राख्नेहरूको लगातार उपेक्षा । तपाईंहरूले नेतृत्व विकासको शंखलालाई अवरुद्ध नगरेको भए तपाईंहरूभन्दा पछाडिका दुई पुस्तासमेत सक्रिय राजनीतिबाट बिदा लिने अवस्थामा पुगिसकेका हुन्थे । जेनजी पुस्ताका युवाहरू सरकारले हाम्रो आकाङ्क्षा बुझेन, हाम्रो भविष्यको ख्याल गरिदिएन भनेर उकुसमुकुस भइर हँदा तपाईंहरूमध्ये कोही आफू प्रधानमन्त्री/सभापति हुने पालो कुरेर बसिरहनुभएको थियो भने कोही फेरि पार्टी नेतृत्वमा पुग्न ७० वर्षे उमेरहदसमेत हटाएर 'युवा पुस्ता तयार भएकै छैन' भनेर ख्यालठट्टा गरिरहनु भएको थियो ।

कोहीचाहिँ 'मैले फरक मतलाई पार्टीमा राख्न दिएकै छु' भनेर नेतृत्व परिवर्तनको माग गर्नेहरू छानीछानी नङ्गा र प्वाँख उखेल्ने कार्यमा लाग्नुभयो । कसैले न्यायिक निकायको भूमिकालाई 'प्रतिशोध' र 'पूर्वाग्रही' देख्नुभयो । नेतृत्वमा रहेका तपाईंहरूजस्ता एकाध नेताका लागि सिङ्गो पार्टीमात्र होइन, देश नै डुब्नुपर्ने धरातल निर्माण भइरहँदासमेत आफ्नै स्वार्थ पूरा गर्न उद्यत हुनेहरू नै अहिलेको अवस्थाका मुख्य जिम्मेवार हुन् । उनीहरूले अब संसद विघटनमा प्रश्न गर्नु र हिजो राजाले राजतन्त्र अन्त्यबारे गुनासो गर्नुमा तात्विक भिन्नता छैन ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि जसरी 'चैते कांग्रेस' बनेर आएकाहरू हावी भए- प्रजातान्त्रिक योद्धाहरूलाई पाखा लगाउँदै प्रजातन्त्रलाई विकृत बनाउने दिशामा मुलुक अघि बढ्यो, आज त्यसैगरी ४०-५० वर्षका कांग्रेस, एमाले, माओवादी, रास्वपा लगायतका पनि 'जेनजी', 'जय जेनजी' भन्दै अवसरको खोजीमा आन्दोलनको माग र मार्गचित्रलाई खलबल्याउन सक्रिय नदेखिएका होइनन् । उनीहरूको लक्ष्य र योजना भनेको फेरि पनि भदौ २३ भन्दा अघिको अवस्थामा मुलुकलाई फर्काउनु हो । भदौ २३ अघिको व्यवस्था र २०६५ जेठ १५ अघिको राजतन्त्रको अवस्था एउटै भइसकेको छ ।

परिवर्तित सन्दर्भमा अब मानव अधिकार, प्रेस स्वतन्त्रता, नागरिकका नैसर्गिक अधिकार, लोकतान्त्रिक मूल्य र मान्यतामा कुनै प्रकारको आँच नआउने गरी देशलाई आर्थिक, राजनीतिक, सामाजिक समृद्धिको दिशामा लैजान युवाहरू अघि बढ्नु पर्छ । ती युवा जुनसुकै पार्टीका किन नहुन्, चुनावमा प्रतिस्पर्धा गर्ने र जनताको विश्वास जितेर जननिर्वाचित निकायमार्फत राजकीय भूमिकामा पुग्ने सहज र विश्वव्यापी मान्यता अनुसारको बाटो हुनुपर्छ । यो अवस्थामा पुग्नका लागि अवरोध हुने गरी कोही अझै पनि विभिन्न बहाना तेर्स्याएर भड्खालो खनिरहेको छ भने त्यो भड्खालोमा आफैं जाकिनुपर्छ भन्ने पाठ भदौ २३ र २४ को आन्दोलनबाट सबैले सिक्न जरुरी छ ।

अन्त्यमा भन्नैपर्छ- नेपाली राजनीतिमा यो समस्या र प्रवृत्ति ५० कै दशकदेखि देखिएको हो । ०६२/०६३ को जनआन्दोलनपछि मूल धारको राजनीतिमा आएको माओवादीले मुलुकलाई अग्रगामी दिशामा अघि बढाउला भन्ने अपेक्षा गरिएको थियो । तर अहिलेसम्म पनि मुलुक ५० कै दशकको राजनीतिक विकृति, परिस्थिति र अभ्यासबाट माथि उठ्न सकेको रहेनछ भन्ने कुरालाई हामी २०५६ चैतमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले संसदमा सम्बोधन गर्दै राजनीतिमा घोषणा गर्दा अभिव्यक्त गरेको धारणाबाट प्रस्ट बुझ्न सक्छौं ।

संसदमा सम्बोधन गर्दै त्यतिबेला भट्टराईले भनेका थिए- 'मुलुक नसोचिएको संकटको अवस्थामा छ । यो संकटको अवस्थाको कारण कहीँ बाहिर छैन- हामीभित्र नै छ । यसमा पद्धतिको कुनै दोष छैन । हाम्रो प्रवृत्ति दोषी छ । प्रजातन्त्रमा हुने राजनीति र गैरप्रजातान्त्रिक व्यवस्थामा हुने राजनीति एकै किसिमको हुँदैन, तर हाम्रो राजनीतिका केही पात्रहरूले दुवैलाई एकै ठानेको प्रतीत हुन्छ । प्रजातन्त्रको राजनीतिमा मूल्य पद्धति र नैतिक पक्ष सशस्त्र हुन्छन् । तिनको अभावमा प्रजातान्त्रिक शासन पद्धति निर्धो हुन जान्छ र आजको हाम्रो संकट पनि त्यही नै हो । हाम्रो प्रजातन्त्रका सञ्चालक भनेका हामी नै हौं । त्यसैले यदि हामीभित्र अवाञ्छित र अनियन्त्रित राजनीतिक उच्चाकाङ्क्षा छ भने यस संकटका कारक पनि हामी नै हुन्छौं । पद्धति राम्रो छ तर त्यस अनुरुप हाम्रो व्यवहार राम्रो छ कि छैन ? यो प्रश्न आज हाम्रो सामुन्ने उपस्थित भएको छ तथा यसको उत्तर पनि हामीले नै दिनुपर्छ ।'

यसबिचमा राजाको सक्रिय शासन, राजतन्त्र अन्त्य, गणतन्त्र स्थापनामात्र होइन, राष्ट्र प्रमुखको रूपमा तेस्रो राष्ट्रपति पाइसक्दा पनि उतिवेला कृष्णप्रसाद भट्टराईले व्यवस्थाका सञ्चालक भनिएका राजनीतिक दलहरूप्रति तेर्स्याएको प्रश्न र औँल्याएका कमी-कमजोरीका यी हरफ आजको सन्दर्भमा पनि हुबहु मेल खानु भनेको दलहरू कति गैरजिम्मेवार र लापर्बाह हुँदै आएछन् भन्ने एउटा गतिलो उदाहरण हो । समस्या दलहरू र तिनका नेताका सोच तथा व्यवहारमा थियो तर जनतालाई व्यवस्था परिवर्तनतिर उक्साएर आफ्ना कमी-कमजोरी ढाकछोप गर्ने र अर्कातिर दोष पन्छाउने प्रवृत्ति हावी भइरह्यो । फेरि पनि यही प्रवृत्ति हावी नहोस् भन्नका खातिर पनि सबै दलले विभिन्न भूमिकामा रहिसकेका पुराना अनुहारलाई अब 'बाइबाइ' गर्नैपर्छ ।

*(साभार: रातोपाटी)*

# एमालेका नेता कार्यकर्ता सरसफाईमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ जेनजीको प्रदर्शनको क्रममा आगजनी भएको नेकपा एमाले मकवानपुरको पार्टी कार्यालयमा नेता कार्यकर्ता सरसफाईमा जुटेका छन् । उनीहरुले कार्यालय परिसरमा रहेको फोहोर बाहिर निकालेर सरसफाइ गरेका छन् ।

फोहोरको थुप्रो र दर्दनाक बनाइएको पार्टी कार्यालयमा शीर्षनेतृत्व बसेर कार्यकर्तालाई उच्चमनोबल बनाएर परिस्थिति अनुसार वडासम्म सक्रिय बनाउने विषयमा छलफल पनि भएको छ । केन्द्रीय सदस्य तथा मकवानपुर इञ्चार्ज रामेश्वर रानाले भने, 'जुटेका केही नेतृत्व बसेर अब कसरी जाने भन्नेमा सरसल्लाह भएको छ, केन्द्रको निर्देशनअनुसार वडातहसम्म सक्रिय बन्न सकिने सम्भावनाहरु खोज्दै कार्यकर्तामा मनोबल बढाउने काम नै पहिलो प्राथमिकता भएकाले यसैमा छलफल गरेका छौं ।'

मंगलबार दिउँसो नेकपा एमाले मकवानपुरको पार्टी कार्यालयमा जेन्जी समूहका नाममा अराजक समूहले आगजनीसहित तोडफोड गरेको थियो । उनीहरुले लगाएको आगोले कार्यालयको तेस्रोतलामा समेत क्षति पुगेको छ । पहिलो तलामा रहेको सभाहल, पार्टी सचिवालयको प्रशासन रहेको कोठा पूर्णरुपमा जलेर नष्ट भएको छ । पार्टी कार्यालयका महत्वपूर्ण डकुमेन्ट र मकवानपुर कमिटी तथा हेटौंडा उपमहानगर कमिटीको कम्प्युटरसमेत जलेर नष्ट भएको छ । वरपरका रुखहरु समेत जलेका छन् ।



'कार्यालयमा बसेर काम गर्ने, तत्काल नेता कार्यकर्तासँग भेटघाट गर्न सकिने अवस्था छैन, सम्पूर्णरुपमा तोडफोड र आगजनी गरेर क्षति पुर्‍याइएको छ,' एमाले उपाध्यक्ष हिदम लामाले भने । शुक्रबार बिहान पार्टी कार्यालयमा भेला भएका नेता कार्यकर्ताले सरसफाइ गरेर फोहोर जम्मा पारेर कार्यालयको प्राविधिक अध्ययन गरेर मात्र सञ्चालन या पुनर्निर्माण भन्नेमा छलफल भएको छ । पार्टी केन्द्रीय सदस्य एवम् मकवानपुर इञ्चार्ज राना, केन्द्रीय सदस्य केदार न्यौपाने, मकवानपुर अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष लामासहितका नेताहरु, हेटौंडा उपमहानगर अध्यक्ष बोलबहादुर कार्कीलगायत जनसंगठनका नेता कार्यकर्ताले पार्टी कार्यालय सफा गरेका हुन् ।

उनीहरुले भनेका थिए, 'भोलि फेरि हामी पनि आउनु पर्ने हुनसक्छ, एउटा बार फोरेर भित्र छिरौं ।' यतिकैमा अर्को समूह आयो र भन्न थाल्यो, 'कार्यालय नै आगो लगाउने भनेर आएपछि बार जोगाउने कुरा हुन्छ ?' यसपछि आगजनी भयो । कार्यालय कुर्न बसेकाहरु आन्दोलनकारी आएपछि निस्किएका थिए । प्रहरीले भने केही हुँदैन बस्नुस् भनेको उनीहरु सुनाउँछन् । यसैगरी एमालेकै भातृसंगठन राष्ट्रिय जनसांस्कृतिक महासंघ नेपाल, मकवानपुरको सामग्री पनि पार्टी कार्यालय आगजनी र तोडफोडक्रममा लुटपाट भएको पाइएको छ ।

अध्यक्ष राजुराम राउतले भने, 'महँगो हार्मोनियम, गिटार, साउन्ड सिस्टम लुटपाट भएको पाइएको छ ।' उनका अनुसार आन्दोलनकारीले देखाएको भिडियोमा दुईवटा मादल बोक्नेहरुबाट खोसेर आगो लगाइएको देखिएको छ, बाँकी सामान छैनन् । 'आगजनीमा खरानी भए अलग कुरा, कुनै पनि सामानको अवशेष पनि भेटिएन, जलेका भए पनि केही अस्तित्व त भेटिनुपर्ने,' राउतले भने, 'कलाकर्मीको सबै सांगीतिक सामान लुटपाट भएको अनुमान छ ।'

# जेनजी आन्दोलनका क्रममा दिवंगतको सम्झनामा श्रद्धाञ्जली



साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/गत भदौ २३ र २४ गते भ्रष्टाचारविरुद्ध जेनजीका युवापुस्ताले गरेको आन्दोलनका क्रममा ज्यान गुमाएका ५१ जनालाई हेटौंडामा श्रद्धाञ्जली अर्पण गरिएको छ ।

शनिबार साँझ हेटौंडाको बुद्धचोकमा विद्यार्थी, युवा तथा सर्वसाधारणको सक्रिय सहभागितामा दीपप्रज्वलन तथा मौनधारण भएको थियो । उपस्थित सहभागीले दिवंगत आत्माको स्मरण गर्दै पीडित परिवारप्रति गहिरो समवेदना प्रकट गरेका थिए । कार्यक्रमलाई शान्तिपूर्ण तरिकाले सम्पन्न गरिएको थियो । मौनधारणका क्रममा सहभागीहरु भावुक बनेका देखिन्थे ।

उपस्थित युवाले भ्रष्टाचार विरुद्धको आवाजलाई नरोकिने बताए । उनीहरुले न्यायका लागि लड्दा ज्यान गुमाएका विद्यार्थीको बलिदानलाई व्यर्थ जान नदिने प्रतिज्ञा गरेका थिए । प्रारम्भमा शान्तिपूर्ण देखिएको प्रदर्शन केही स्थानमा उग्र बनेको थियो । प्रहरीसँगको झडप, तोडफोड र आगजनीका घटनाले आन्दोलनलाई थप तनावपूर्ण बनाएको थियो । सो क्रममा करिव एक हजार ८ सय विद्यार्थी घाइते हुनुका साथै कम्तिमा ५१ जनाले ज्यान गुमाउनु परेको थियो भने सार्वजनिक तथा निजी सम्पत्ती आगजनीले ध्वस्त भएका थिए ।

# घाइतेसँग प्रधानमन्त्री: 'तपाईंहरूको पीडा बुझेकी छु, १८ घण्टा काम गर्छु'

काठमाडौं/प्रधानमन्त्री बनेको दोस्रो दिन सुशीला कार्की घाइतेसँगको भेटघाटका लागि अस्पतालमा व्यस्त देखिइन् । गत सोमबार र मंगलबार देशभर चलेको 'जेनजी आन्दोलन' पछि सिर्जित प्रतिकूल राजनीतिक अवस्थामा शासनको बागडोर सम्हाल्न आइपुगेकी उनले शनिबार दिनभर अस्पताल र प्रदर्शनकारीबाट क्षतविक्षत संरचनाको अवलोकन गरिन् ।

दिउँसो ट्रमा सेन्टर पुगेर घाइतेको अवस्था बुझेकी उनी चार बजे आसपास नयाँ बानेश्वरको सिभिल अस्पताल आइपुगिन् । त्यहाँ रहेका घाइतेको अवस्था बुझिन् र ढाडस दिइन् । सिभिल अस्पतालकै बेड नम्बर १२३ मा सुतिरहेका थिए -२२ वर्षीय बेगम देउला । उनको खुट्टामा गोली लागेको छ । 'जेनजी आन्दोलन'को पहिलो दिन नै उनी घाइते हुन पुगे । संसदको गेट नम्बर १ नजिकै भएको झडपमा उनलाई गोली लाग्यो ।

प्लस टु पछि पढाइ छोडेर घरमै बसेका रेगन आन्दोलनमा सहभागी भएको कुरा परिवारलाई थाहा थिएन । काका निश्चल गिरीले भने, 'हामीलाई तीन बजेको घटना साढे छ बजे मात्र थाहा भयो । आन्दोलनमा जाने कुरा कसैलाई भनेका थिएनन् ।' शनिबार सिभिल पुगेकी प्रधानमन्त्री कार्कीले यी घाइते र उनको परिवारलाई भेटिन् । ट्रमामा घाइते भेटेर सिभिल पुगेकी उनले रेगनको अवस्था बुझिन् । डाक्टरहरूसँग कुरा गरिन् । यद्यपि, रेगन र उनका काकाले लागेका सबै कुरा भन्न पाएनन् ।

प्रधानमन्त्रीले व्यस्तताका कारण छोटो कुराकानी गर्ने र अवस्था बुझ्नेमै आफूलाई सीमित राखिन् । डाक्टरले आफूहरुको अवस्था सुधारोन्मुख रहेको बताएपछि 'चिन्ता नगर्न' भन्दै ढाडस दिएर प्रधानमन्त्री अर्को विरामी भएतर्फ लागिन् । 'उहाँको व्यस्तता स्वभाविक छ । त्यसैले होला, उहाँले मसँग भन्दा डाक्टरहरूसँग कुरा गर्नुभयो । अब उहाँले घाइतेको मर्मअनुसार काम गर्नुहुन्छ भनेर आश गरौं,' घाइतेका काका गिरीले भने ।

रेगनलाई त देशमा प्रधानमन्त्री फेरिएको कुरा पनि केही समयअघि मात्र थाहा भयो । थाहा पाएको केही समयमा नै प्रत्यक्ष प्रधानमन्त्रीलाई भेट्न पाए । अहिले रेगनको अवस्थामा सुधार हुँदै गएको छ । गोडामा दुईटा हड्डी भाँचिएका उनको एउटा शाल्यक्रिया गरिएको छ भने अर्को शल्यक्रिया अर्को हप्ता गर्ने डाक्टरको सल्लाह छ । गिरीका अनुसार त्यहाँ आएका धेरैजसो घाइते डिस्चार्ज भइसके । रेगनलाई भने डेढ हप्ताभन्दा धेरै राख्नुपर्ने अनुमान उनको छ । यद्यपि, काठमाडौं महानगरपालिकाले नि:शुल्क उपचार र खाना उपलब्ध गराएकोले सहज छ । नगर प्रहरीले सम्पर्क नम्बर छोडेर सहयोगको आश्वासन दिएकोले उनी ढुक्क छन् । त्यसमाथि शनिबार स्वयं नयाँ प्रधानमन्त्री आएर आश्वासन दिएपछि केही परिवर्तन हुनेमा आश्वस्त देखिन्छन्, उनीहरू ।

०००

१९ वर्षीय सुवास दाहाल सिभिल अस्पतालको बेडमा छन्, दुवै खुट्टाको मासु गोलीले च्यातिएको छ । 'जेनजी आन्दोलन'को पहिलो दिन संसद् भवन अगाडि प्रहरी र प्रदर्शनकारीबीचको झडपमा उनी घाइते भए । 'पछाडि फर्केर भाग्न खोज्दा सटगनले हानेको जस्तो लाग्छ । मासु छियाछिया भएर फुटेको छ,' सुवासले पीडामिश्रित स्वरमा सुनाए ।

डाक्टरहरूले गोलीको संख्या नभने पनि उनको दुवै खुट्टामा गम्भीर चोट छ । घाइते भएको पहिलो दिन नै शल्यक्रिया भयो । शनिबार पनि सानो शल्यक्रिया भएको छ । उनका आमा भवानी तिमल्सिना छोराको हेरचाहमा दिनरात अस्पतालमै छिन् ।

यसरी बेडमा सुतिरहेका घाइते भेट्न भने शनिबार चार बजे प्रधानमन्त्री सुशीला कार्की सिभिल अस्पताल पुगिन् । भर्खरै सत्तामा आएकी कार्कीले सुवासको स्वास्थ्य अवस्था बुझिन् र डाक्टरहरूसँग कुरा गरिन् । 'म मात्र हैन । देशभरका सबै छोराछोरी तपाईंका हुन्, सोहीअनुसार काम गर्नुहोला । सबैले न्याय पाउनुपर्छ । अब देश कता जाने तपाईंकै हातमा छ,' छोरो सुवासले प्रधानमन्त्रीलाई भनेको कुरा आमा भवानीले संचारकर्मीलाई भनिन् । जसमा प्रधानमन्त्रीको जवाफ थियो - म तपाईंहरूको लागि १८ घण्टा काम गर्छु । खट्छु । तपाईंहरुको घाउ मैले बुझेको छु ।

प्रधानमन्त्रीको यस्तो आश्वासनले सुवास र भवानीमा केही आशा जागेको छ । हतारमा भेटेकी प्रधानमन्त्रीले आफ्नो भावनाको प्रतिनिधित्व गर्ने विश्वास पनि उनीहरुमा छ । 'उहाँलाई हतार थियो, धेरै कुरा गर्न भ्याउनुभएन । हाम्रो अवस्था हेर्न यहाँको डाक्टरसँगै आउनुभएको थियो,' भवानीले भनिन् ।

सुवासले काठमाडौं युनिभर्सिटी हाइस्कूलबाट प्लस टु सकेर एक वर्षको ग्याप लिएका छन् । यसरी घरमा रहेका उनलाई जेनजी आन्दोलनमा आउने जोस चढ्यो । परिवर्तनका लागि म सडकमा जान्छु भन्दा घरका अरु सदस्यले पनि नाइ भनेनन् । आमासँगै खर्च मागेर आन्दोलनमा होमिन हिंडे ।

आन्दोलनमा छोरा घाइते भएकामा कसैलाई पछुतो छैन । परिवर्तनको लागि छोराको रगत बगेको छ भन्नेमा गर्व गर्छिन्, भवानी । त्यसैले उनले शुक्रबार राती देशले नयाँ प्रधानमन्त्री पाउनासाथ छोरालाई सुनाइन् । सुरुमा त उनी झस्किए । तर, विस्तारै चित्त बुझाउँदै लगे । 'भरसक युवाले नै लिड गरोस् भन्ने मेरो चाहना थियो । तैपनि उहाँ राम्रो लिडर हुनुहुन्छ जस्तो लाग्छ । मलाई पनि १८ घण्टा नसुती खट्छु भन्नुभएको छ । राम्रो गर्नुभयो भने हामी साँच्चै खुसी हुन्छौं,' उनी आशावादी सुनिए, 'अब ६ महिनापछि चुनाव भएपछि युवा नै आउलान् नि !'

सुवासको अपेक्षा भने ठूलो छ, जुन कुरा उनले शनिबार प्रधानमन्त्रीसँग पनि राखे । भ्रष्टाचार रोक्ने, विदेशमा राखिएका पुराना नेताको पैसा फिर्ता ल्याउने र देशलाई समृद्ध बनाउने । तर, प्रतिकूल परिस्थितिमा बनेको चुनावी सरकारले उनका अपेक्षामा कति काम गर्नसक्ला समयले बताउँछ ।



०००

४२ वर्षीय रमेश परियार पनि सिभिल अस्पतालको बेडमा छन् । दुवै खुट्टा र एक हातमा तीनवटा गोली लागेका छन् । चितवनका बासिन्दा उनी 'जेनजी आन्दोलन'को दोस्रो दिन सांसद भवन अगाडिको झडपमा घाइते भए । 'राज्यले पहिलो दिन दमन गर्यो । आफ्नै भाइबहिनी मारे । खप्न सकिनँ, देशका लागि लड्छु भनेर आन्दोलनमा गएँ,' उनले भने ।

आन्दोलनमा गोली लागेपछि उनी बानेश्वरकै सिभिल अस्पताल ल्याइए । पहिलो शल्यक्रिया भइसकेको छ । अहिले उनी त्यहीं डाक्टरको निगरानीमा आराम गरि रहेका छन् । शनिबार बेलुका ४ बजे प्रधानमन्त्री सुशीला कार्कीले र मेशको मुखबाट उनको पीडा सबै सुनिन् । आन्दोलनमा कसरी दमन भयो भनेर बुझिन् । डाक्टरहरूसँग उनको स्वास्थ्य अवस्थाबारे कुरा गरिन् ।

रमेशले भने, 'उहाँसँग राम्रो कुराकानी भयो । 'यो देशका लागि केही गर्नुपर्छ, तपाईंहरू जस्ता युवाले गरेको बलिदानको कदर गर्छु' भन्नुभयो ।' कार्कीले पनि अरु घाइतेलाई जस्तै आफूले सक्दो काम गर्ने र १८ घण्टा खट्ने प्रतिबद्धता जनाइन् । 'म तपाईंहरुको भवना बुझ्छु । सोहीअनुसार काम गरेरै छोड्छु,' कार्कीको आश्वासन थियो ।

भेटघाट थोरै समय भएपनि प्रधानमन्त्रीमा देशको लागि केही गर्ने हुटहुटी आफूले देखेको र मेशले बताए । भोलिका लागि केही गर्छु भन्ने सोच प्रधानमन्त्रीमा पाएको उनको भनाई छ । सुवासको जस्तै उनको पनि अपेक्षा ठूलो छ । नयाँ प्रधानमन्त्रीले भ्रष्टाचारको अन्त्य, लुटिएको सम्पत्ति फिर्ता र देशको समृद्धिजस्ता कुरामा ध्यान दिएर काम गर्ने आशा उनमा छ । 'उहाँको कुरा सुन्दा साँचो मनले काम गर्नुहुन्छ जस्तो लाग्छ । जेहोस्, हामीले गोली खाएको खेर गएन । अब राम्रै हुन्छ होला,' उनले संचारकर्मीसँग भने ।

०००

सिन्धुपाल्चोकका मदन कार्की पनि सिभिल अस्पतालमा छन् । शनिबार त्यहाँ पुगेकी प्रधानमन्त्री कार्कीले उनीसँग पनि भेट गरिन् । प्रधानमन्त्रीको अगाडि मदन भावुक सुनिए । 'यहाँ के पढ्दै ?,' प्रधानमन्त्रीको प्रश्नमा उनले जवाफ दिए, 'पढ्ने भन्दा पनि काम गर्ने हो । अब अहिले देशको लागि लडियो भनौं । केही राम्रो भईहाल्छ कि भनेर... ।'

मदनले आफ्ना कुरा राखिरहे । भावुक देखिएकी कार्कीले सुनिरहिन् । उनले प्रधानमन्त्रीलाई आमा सम्बोधन गरे । 'आमाले अब बाटो देखाउने हो नि त,' प्रधानमन्त्री कार्कीलाई उनले भने । यही मौकामा मदनले आफ्ना माग पनि राखिहाले- कार्यकारी राष्ट्रप्रमुख हुनुपर्‍यो, ४८ सालपछिका सरकारी कर्मचारी र नेताको सम्पत्ति छानबिन हुनुपर्‍यो । यी हाम्रा माग हजुरले पुरा गर्नुहुन्छ भन्ने आशा छ ।

*(स्रोत: अनलाइनखबर)*

# आन्दोलनमा देशभरि दुई दर्जन होटलमा क्षति, २५ अर्ब नोक्सानी

काठमाडौं/यसै साता युवा र विद्यार्थीले गरेको आन्दोलनमा देशभरि दुई दर्जन होटलमा क्षति पुर्‍याइएको पाइएको छ । होटल एसोसिएसन नेपाल (हान) ले संकलन गरेको विवरण अनुसार सफल परिवर्तनकारी आन्दोलन क्रममा उक्त क्षति पुगेको पाइएको छ ।

हानका अनुसार काठमाडौं उपत्यका, पोखरा, बुटवल, भैरहवा, झापा, मोरङ विराटनगर, धनगढी, महोत्तरी, दाङ तुल्सीपुर लगायत क्षेत्रमा सञ्चालित स्वदेशी तथा विदेशी ब्रान्डका होटलमा बढी आक्रमण भएको छ । होटल प्रतिष्ठानमा तोडफोड, आगजनी, लुटपाट भएको पाइएको छ ।

काठमाडौंस्थित होटल हिल्टनमा मात्रै ८ अर्बभन्दा बढीको क्षति भएको हानको अनुमान छ । देशभरि यस्तो क्षति २५ अर्ब पुग्ने अनुमान छ । काठमाडौंमा पाँचतारे होटल हिल्टनसँगै ह्यात होटलमा समेत आगजनी भएको छ । उता, दाङस्थित होटल माला इनमा समेत प्रदर्शनकारीले तोडफोड र आगजनी गरेका थिए । देशभरिका होटलमा भएको क्षतिको विवरण संकलन क्रममा रहेको समेत हानले जनाएको छ ।

होटलहरू मर्मतसम्भार, पुनर्निर्माण नगरी सञ्चालनमा आउन नसक्ने हुँदा करिब २ हजारभन्दा बढी कामदार कर्मचारीको चाडपर्वको समयमा रोजीरोटीमा समेत प्रत्यक्ष प्रभाव पर्ने हानको अनुमान छ । हाल सञ्चालन अवरुद्ध भएका यी होटलले बेहोर्नुपर्ने बैंक तथा वित्तीय संस्था लगायत आर्थिक दायित्व नियमित रूपमा तिर्न बुझाउन असमर्थ रहने देखिएको समेत हानको भनाइ छ ।

सुशासन विकास र जनताले खोजेको मूलभूत परिवर्तनका लागि दर्जनौं नवयुवाले जीवन बलिदान गरेका र सयौं घाइते योद्धाको त्यागबाट सफल रहेको आन्दोलनबाट प्रारम्भ हुन लागेको संक्रमणकालीन हालको अवस्थामा सर्वसाधारणको सेयर लगानी भएको पब्लिक लिमिटेड कम्पनी सहितको निजी क्षेत्रका यस प्रकारको ठूलो लगानी र सम्पत्तिमा भएको पीडादायी क्षतिको छानबिन हुनुपर्ने माग समेत गरिएको छ ।

# आजबाट स्थानीय तह सुचारु, विद्यालय खोल्ने तयारी




साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ आन्दोलनपछि कर्फ्यू र निषेधाज्ञा लागेका कारण रोकिएका सरकारी सेवा आज (आइतबार) बाट सुचारु गरिने भएको छ । मकवानपुरका सार्वजनिक तथा संस्थागत विद्यालहरु पनि खोल्ने तयारी छ ।

शनिबारबाट स्थिति सामान्यतर्फ गएकाले अब सेवा अघि बढाउन लागिएको हो । संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले शुक्रबारै सेवा सुचारु गराउनेबारे ७५३ वटै पालिकालाई सर्कुलर जारी गरेको छ । मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीका अनुसार सेवा सञ्चालन गर्न सबैलाई निर्देशन दिइसकिएको छ । 'क्षति भएका कार्यालयलाई वैकल्पिक स्थान खोजेर अत्यावश्यक सेवा अघि बढाउन भनिएको छ' प्रवक्ता पराजुलीले भने, 'क्षति नभएका कार्यालयले त सहजरुपमा सञ्जालन गर्न सकिने अवस्था छ ।' उनका अनुसार सिंहदरबारभित्रका कार्यालय पनि वैकल्पिक व्यस्थापन गरेर काम गरिने छ ।

स्थानीय तह र जिल्ला प्रशासन कार्यालयबाट सबैभन्दा धेरै स्थानीयका सेवा सञ्चालन हुने गरेका छन् । सर्वसाधारणका अत्यावश्यक काम रोकिएका थिए । प्रवक्ता पराजुलीका अनुसार क्षतिग्रस्त कार्यालयको विवरण पनि संकलन गरेर पठाउन भनिएको छ । आन्दोलनका कारण केही दिन रोकिएका विद्यालय पनि अब खोल्न तयारी छ । शिक्षा मन्त्रालयका सूचनाअधिकारी एवम् उपसचिव मधुप्रसाद घिमिरेका अनुसार, स्थिति सामान्य भएकाले आइतबारदेखि नै विद्यालय खोल्ने तयारी छ ।

विद्यालय स्थानीय तहअन्तर्गत पर्ने भएकाले सम्बन्धित पालिकाहरुले स्थिति अनुसार विद्यालयलाई जानकारी गराउने छन् । उनी भन्छन्, 'सम्बन्धित स्थानीय तहले अवस्था हेरेर विद्यालय सञ्चालन गर्ने कुरा छ, धेरैजसो ठाउँमा आइतबारदेखि स्कूल खुल्ने तयारी भएको सूचना पाएका छौं ।'

# पत्रकार महासंघले भन्यो: प्रतिनिधिसभा विघटन अनिष्टको संकेत

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/नेपाल पत्रकार महासंघले संविधानको प्रावधानविपरीत राष्ट्रपतिले पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेको र प्रतिनिधिसभा विघटन सिफारिस सदर गरेको भन्दै विरोध जनाएको छ । यसबाट जनमतको अपमान भएको महासंघको ठहर छ ।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले जारी गरेको विज्ञप्तिमा लेखिएको छ, 'अलोकतान्त्रिक र असंवैधानिक कदमको महासंघ घोर निन्दा र भर्त्सना गर्दछ ।' महासंघका अनुसार जेनजी पुस्ताले उठाएको भ्रष्टाचार र बेथितिविरुद्धको माग संविधानको दायराभित्रबाटै पूरा गरी उन्नत लोकतान्त्रिक अभ्यासमा अगाडि बढ्ने अवसर मुलुकले प्राप्त गरेको थियो । 'तर, राष्ट्रपतिबाट संविधानको प्रावधानविपरीत प्रधानमन्त्री नियुक्त गरियो, प्रधानमन्त्रीले मध्यरातमा गरेको प्रतिनिधिसभा विघटन सिफारिस सदर गरियो । यसबाट जनमतको अपमान भएको छ,' महासंघले भनेको छ ।

यसलाई महासंघले अनिष्टको संकेत भनेको छ । 'महासंघ संविधानविपरीत प्रधानमन्त्रीको नियुक्ति र सर्वोच्च अदालतबाट यसअघि प्रतिपादित नजिर र सिद्धान्त विपरीत भएको प्रतिनिधिसभा विघटन संवैधानिक र नागरिक सर्वोच्चता विपरीत रहेको ठहर गर्दै यो कदम लोकतन्त्रका लागि अनिष्टको संकेत हो भन्ने ठान्दछ,' विज्ञप्तिमा लेखिएको छ । संविधानले व्यवस्थित गरेका गणतन्त्र, संघीयता, समावेशिता जस्ता उपलब्धिमा आघात पुग्ने आशंका गर्दै महासंघले वर्तमान संविधान र यसबाट प्राप्त उपलब्धिको रक्षार्थ दृढतापूर्वक अगाडि बढ्न सबै पक्षलाई आह्वान गरेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# संवैधानिक प्रक्रियाबाटै 'निकास'को पक्षमा प्रमुख राजनीतिक दल

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ संवैधानिक प्रक्रियाबाटै निकास दिनुपर्ने पक्षमा प्रमुख राजनीतिक दलहरु खुलेका छन् । भूमिगत जस्तै अवस्थामा रहेका प्रमुख राजनीतिक दल र तिनका नेताहरु भने विस्तारै संविधान र व्यवस्थाको पक्षमा खुल्न थालेका हुन् ।

यसैक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक विज्ञप्ति जारी गर्दै संविधान र संवैधानिक प्रक्रियाबाटै निकास खोज्नुपर्नेमा मत प्रकट गरेका छन् । पूर्वप्रधानमन्त्री प्रचण्डले अहिलेको संविधान र व्यवस्थापिका संसदको शून्यतामा खोजिने राजनीतिक निकासले प्रतिगमनलाई फाइदा पुग्नसक्नेतर्फ सचेत हुनुपर्नेमा जोड दिएका छन् । 'हाम्रो स्पष्टमत छ, लोकतन्त्रको विकल्प समुन्नत र अझ बढी सुदृढ लोकतन्त्र, गणतन्त्रको विकल्प अझ सुदृढ गणतन्त्रमात्रै हो', प्रचण्डले भनेका छन्, 'जेनजी पुस्ताको माग न लोकतान्त्रिक व्यवस्था र संविधान विरुद्ध थियो, न संसद् विघटनका पक्षमा नै । उहाँहरुले उठाएका माग संविधान र वर्तमान संसदीय प्रक्रिया भित्रबाट पूरा हुन सक्छन् भन्नेमा हामी विश्वस्त छौं ।'

प्रचण्डले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो ठहर छ कैयन् कमजोरीका बाबजुद सामाजिक न्याय प्रत्याभूत गर्ने सवालमा, समावेशिताको सवालमा नेपाली जनताका प्रतिनिधिले निर्माण गरेको अहिलेको संविधान तुलनात्मक रुपमा उत्कृष्ट संविधान हो । त्यसैले अहिलेको संक्रमणकालीन अवस्थाको निकाससमेत संविधानसम्मत तरिकाले हुनुपर्दछ । संविधान र व्यवस्थापिका संसदको शून्यतामा खोजिने राजनीतिक निकासले अन्ततः प्रतिगमनलाई नै फाइदा पुऱ्याउने छ ।' यसैगरी नेकपा एमालेले प्रधानमन्त्रीको राजीनामा पछि अबको राजनीतिक निकास संविधानसम्मत्रुपमा र लोकतान्त्रिक विधिबाटै खोजिनुपर्छ भन्नेमा पार्टी स्पष्ट रहेको बताएको छ ।

एमाले महासचिव शंकर पोखरेलले विज्ञप्ति जारी गर्दै सुशासन, नातावादको अन्त्य, तीव्र विकास र रोजगारी सिर्जना जस्ता युवापुस्ताका सरोकारलाई सम्बोधन गरिनुपर्नेमा जोड दिइएको छ । 'यसका लागि संविधानका मर्म अनुरुप सार्थक संवाद सुरु गर्न र नेतृत्वदायी पहलकदमी लिन सम्माननीय राष्ट्रपतिज्यूलाई ध्यानाकर्षण गराउँछौं', एमालेले भनेको छ । एमालेले यस्तो विषम परिस्थितिमा संघीय संसद, न्यायपालिका, प्रदेशसभा, प्रदेश सरकार र स्थानीय तहले आआफ्नो स्थानबाट लोकतन्त्रको रक्षाका लागि रचनात्मक भूमिका खेल्न आग्रह गरेको छ ।

'स्थानीय तहले निर्वाध रुपमा सेवाप्रवाह गर्ने वातावरण निर्माण गरिनुपर्छ । संविधान, लोकतन्त्र, गणतन्त्र, शान्ति र राष्ट्रिय स्वाभिमानका पक्षधर सबै राजनीतिक दललाई पारस्परिक संवादमा आउन र संवैधानिक तथा लोकतान्त्रिक उपलब्धिको रक्षाका लागि समझदारी निर्माण गर्न आह्वान गर्दछौं', एमालेले भनेको छ । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्व प्रकाश शर्माले पनि विधि विहीनताले थप अराजकता निम्त्याउने भन्दै समस्या सम्बोधनका लागि राष्ट्रपतिले पहल गर्नुपर्ने बताएका छन् ।

उनीहरुले त्यसका लागि वार्ताका क्रममा राष्ट्रपति र जेनजी पक्षलाई देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस् भनेर आग्रह गरेका छन् । 'संविधान र लोकतान्त्रिक बाटोबाटै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस् । त्यसमा हाम्रो समर्थन रहनेछ', महामन्त्रीद्वयले भनेका छन् । उनीहरुले जेनजी पुस्ताको भावना बमोजिम वार्ता निष्कर्षमा पुऱ्याउन आग्रह गर्दै त्यसो गर्दैगर्दा 'आवश्यकताको सिद्धान्त' बमोजिम हुने निर्णयलाई पनि संविधान बमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ भन्ने कुराको स्मरण गराएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले देशको पछिल्लो अवस्थाबारे विश्लेषणकै क्रममा रहेपनि विधिको शासन र कानुनी सर्वोच्चता तथा मानवअधिकारप्रति प्रतिवद्धता जनाएको छ । महामन्त्री कविन्द्र बुर्लाकोटीले जारी गरेको विज्ञप्तिमा नयाँ राजनीतिक कोर्षबारे पार्टीका धारणा छिट्टै सार्वजनिक गर्ने उल्लेख छ । त्यस्तै नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष प्रकाश ज्वालाले देश अत्यन्त ठुलो संकट र अन्यौलताको भूमरीमा फसेकाले यो संकटबाट उठ्न सम्पूर्ण आग्रह पूर्वाग्रह त्यागेर राष्ट्रिय एकता कायम र राष्ट्र निर्माणको संकल्प गर्न जरुरी भएको बताएका छन् ।

एक वक्तव्य जारी गर्दै नेता ज्वालाले जेनजी आन्दोलनकारी लागायत सबै मिलेर वर्तमान समस्या समाधान गरी राष्ट्र, राष्ट्रियता, संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्नु नै मुलुकवासीको कर्तव्य रहेको स्मरण गराएका छन् । 'राष्ट्रले ठुलो क्षति व्यहोरेको छ । नवयुवाको रगत बगेको छ', उनले भनेका छन्, 'अव प्राणभन्दा प्यारो हाम्रो देश बचाऔं' ज्वालाले जेनजी पुस्ताको विद्रोहको दुरुपयोग हुन सक्ने खतराप्रति सबै सतर्क हुनुपर्नेमा जोड दिँदै देशलाई गैर संवैधानिक अँध्यारो सुरुङतर्फ धकेलिनबाट जोगाउनुपर्नेमा सचेत गराएका छन् ।

# आन्दोलनमा लुटपाट भएका सामान बरामद गर्दै मकवानपुर प्रहरी



साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/भदौ २४ गते जेनजी आन्दोलनका क्रममा हेटौंडामा लुटपाट घटनामा संलग्नमाथि प्रहरीले कारबाही तीव्र पारेको छ ।

सोहीक्रममा शनिबार बिहान प्रहरीले हेटौंडा उपमहानगर पालिका-४, कर्राबाट बागमती प्रदेश स्वास्थ्य मन्त्रालयबाट चोरी गरिएको दुई ट्रक सामान बरामद गरेको छ । आन्दोलनको फाइदा उठाउँदै विभिन्न अवाञ्छित व्यक्ति र समूहले सरकारी तथा सार्वजनिक कार्यालय र व्यक्तिका घर तथा व्यवसायीक प्रतिष्ठानमा पसेर लुटपाट तथा आगजनी गरेका थिए । सोहीक्रममा हेटौंडा-१० स्थित स्वास्थ्य मन्त्रालयबाट दराज, टेबल, कुर्सी, कम्प्युटरलगायत सामग्री आन्दोलनकै क्रममा लुटपाट गरिएको थियो ।

ती सामानहरु स्थानीयको सूचना र सहयोगमा वडा प्रहरी कार्यालय सानोपोखराले कर्राबाट बरामद गरेको हो । प्रहरीका अनुसार, लुटपाटमा संलग्न केही व्यक्तिलाई नियन्त्रणमा लिइएको छ । पक्राउ परेका व्यक्तिहरुमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटना भएको राति दुईवटा ट्रकमा सामान लोड गरेर कर्रातर्फ लगिएको स्थानीयले प्रहरीलाई जानकारी दिएका थिए । सोही आधारमा खोजतलास गर्ने क्रममा ती सामाग्री फेलापरेको मकवानपुर प्रहरीले जनाएको छ ।

यसअघि शुक्रबार मात्र मकवानपुर प्रहरीले आमसर्वसाधारणलाई अपिल गर्दै लुटपाटमा संलग्नलाई नजागाउन र लुटिएको सामग्री वा भिडियो प्रमाण तत्काल प्रहरीलाई उपलब्ध गराउन आग्रह गरेको थियो । मकवानपुर प्रहरीका प्रवक्ता डिएसपी श्यामु अर्यालले लुटपाटमा संलग्न कसैलाई पनि नछोडिने भन्दै घटनामा संलग्न जो कोहीलाई पनि अनुन्धानको दायरामा ल्याउने र दोषी ठहरिए कारवाही गर्ने बताए । उनका अनुसार, शनिवार बरामद सामग्री सुरक्षित गरिएको र बाँकी सामान खोजी भइरहेको छ । कर्राका स्थानीय निरजसिंह ठकुरीले समुदायकै सक्रियतामा लुटपाटमा संलग्नको निगरानी गरेर बरामद सामग्री प्रहरीलाई बुझाउन सहयोग गरिएको बताए ।

# भाटभटेनीको सरसफाईमा जुटे कर्मचारी



साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ जेनजी आन्दोलनको क्रममा भएको आगजनीबाट ध्वस्त बनेको हेटौंडा-१, चौकीटोलस्थित भाटभटेनी सुपर मार्केटको सरसफाईमा कर्मचारीहरु नै जुटेका छन् ।

गत भदौ २४ गते आन्दोलनका क्रममा उत्तेजित समूहले भाटभटेनीमा आगो लगाएर ध्वस्त पार्नुका साथै त्यहाँ रहेका सामान लुटेर लगेका थिए । आफूहरुलाई काम र रोजगारी प्रदान गर्ने संस्थालाई पुनः उकास्नका लागि कर्मचारीहरु सुपरमार्केटको सरसफाइमा जुटेका हुन् । सरसफाइ कार्यक्रम १० दिनसम्म चल्ने ब्रान्च म्यानेजर एन्जु मगरले जानकारी दिए ।

सुपरमार्केटमा भएको आगजनीबाट भएको क्षतिको मूल्यांकनको कार्य अझै जारी रहेको उनले बताए । भाटभटेनीले आफ्नो २० औं स्टोरको रुपमा २०७८ साल मंसिर महिनामा हेटौंडामा सेवा शुभारम्भ गरेको थियो । साढे १४ कठ्ठा क्षेत्रफलमा फैलिएको यो स्टोरमा दुईवटा बेसमेन्ट र आठ तलाको भवन रहेको थियो । आगजनीमा भवन पूर्णरुपमा जलेको छ । भाटभटेनीले मकवानपुर जिल्लाका १ सय ५९ जनालाई रोजगारी प्रदान गरिरहेको थियो ।

# इलाका प्रहरी कार्यालय नेवारपानीलाई मोटरसाइकल हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ इलाका प्रहरी कार्यालय नेवारपानीलाई शान्तिसुरक्षामा सहयोग पुगोस् भन्ने उद्देश्यले मोटरसाइकल हस्तान्तरण गरिएको छ ।

यहाँ भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय नेवारपानी र प्रहरीचौकी लेवट बसामाडीको भवन तथा सवारी साधनमा तोडफोड र आगजनी भएको थियो । स्थानीयको उपस्थितिमा दुबै कार्यालयका भवनको मर्मत तथा



रङरोगन गरिएको छ । यसैक्रममा, वैकल्पिक सवारी साधनको अभाव भएकाले शान्तिसुरक्षा र गस्ती कार्यलाई सहज बनाउन हेटौंडा उपमहानगर पालिका-१९ का वडाध्यक्ष नरनाथ सुबेदीले आफ्नो वडाको तर्फबाट बा.प्र.०३-००१ प ०५१४ नम्बरको १५० सिसी क्षमताको पल्सर मोटरसाइकल इलाका प्रहरी कार्यालय नेवारपानीलाई हस्तान्तरण गरेका हुन् ।

## सभापति देउवामाथि भएको अमानवीय व्यवहारको भर्त्सना

# अराजकतत्वको घुसपैठ भएको कांग्रेस बागमती प्रदेशको ठहर

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ नेपाली कांग्रेस बागमती प्रदेश समितिले जेनजी पुस्ताले सुरु गरेको शान्तिपूर्ण आन्दोलनमा अराजक र उच्छृंखल तत्व प्रवेश गरी हिंसात्मक गतिविधि बढाएको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

प्रदेशसभापति इन्द्रबहादुर बानियाँद्वारा हस्ताक्षरित विज्ञप्तिमा आन्दोलनकै नाममा पूर्वप्रधानमन्त्री एवम् पार्टी सभापति शेरबहादुर देउवाको निवासमा गरिएको आक्रमणलगायत घटनाको भर्त्सना गरिएको छ । सभापति देउवाप्रति गरिएको अमानवीय व्यवहार र निवासमाथि भएको आक्रमण लोकतान्त्रिक संस्कारविपरीत रहेको उल्लेख गर्दै यसप्रति खेद प्रकट गरिएको छ । विज्ञप्तिमा भनिएको छ, 'शान्तिपूर्ण आन्दोलनमा घुसपैठ गरी आन्दोलनकारीको नाममा कांग्रेसका सभापति देउवामाथि गरिएको अमानवीय व्यवहारप्रति घोर आपत्ति जनाउँछौं ।'

कांग्रेस बागमती प्रदेशले आन्दोलनलाई लोकतान्त्रिक अधिकारको प्रयोग मान्दै आए पनि हिंसात्मक क्रियाकलापलाई अस्वीकार्य गरेको जनाएको छ । समितिले राजनीतिक नेतृत्व, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथि भएका आक्रमण अलोकतान्त्रिक, अपरिपक्व र निन्दनीय रहेको र यस्ता गतिविधिले लोकतान्त्रिक पद्धति र विधिको शासनलाई कमजोर बनाउने चेतावनी दिएको छ । विज्ञप्तिमा हालको विषम परिस्थितिमा राज्य सञ्चालन गर्ने नेतृत्वले नागरिकको मनोविज्ञानअनुसार सही निर्णय लिन नसक्दा जनआक्रोश चुलिएको र यसले मुलुकमा क्षति पुऱ्याएको निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

प्रशासनिक केन्द्र सिंहदर बार, निर्वाचन आयोग र संसद् भवन जस्ता संवैधानिक तथा महत्वपूर्ण संरचनामाथिको आक्रमणप्रति चिन्ता व्यक्त गर्दै कांग्रेसले यस्तो गतिविधिले लोकतान्त्रिक मूल्यमान्यता नै खतरामा पार्ने टिप्पणी गरेको छ ।

कांग्रेस बागमती प्रदेशले आफ्ना सबै पार्टीपंक्ति, भ्रातृ संगठन, शुभेच्छुक संस्था तथा आमनागरिकलाई आन्दोलनका नाममा हुनसक्ने अवाञ्छित गतिविधिबाट सचेत रहन र त्यस्ता गतिविधि निस्तेज पार्न सक्रिय हुन आह्वान गरेको छ । विज्ञप्तिमा 'विषम परिस्थितिमा लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो' भन्दै कानुनी राज्य, विधिको शासन र लोकतान्त्रिक पद्धतिबाटै समस्याको समाधान खोज्न सम्बन्धित सबैसँग अपिल गरिएको छ ।

# कारागारबाट भागेका १६६ जना कैदीबन्दी मकवानपुरबाट नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/गत साउनमा उद्घाटन गरिएको बागमती प्रदेशसभाको नवनिर्मित भवन सञ्चालनमा आएको एक महिना नबित्दै खरानी भएको छ ।

१२ करोड रुपैयाँको लागतमा निर्मित संरचना गत भदौ २४ गते जेनजी समूहको आन्दोलनका क्रममा मात्र १२ मिनेटको पूर्णरुपमा ध्वस्त भएको छ । प्रदेशसभाको पुरानो भवनसमेत पूर्णरुपमा जलेको छ । जेनजी समूहको आन्दोलनका क्रममा मकवानपुरका ३० भन्दा बढी सरकारी कार्यालयमा तोडफोड, लुटपाट तथा आगजनी भएको छ । यीमध्ये ४ वटा भवन निर्माण सम्पन्न भएको एकवर्ष समेत पुगेको थिएन । प्रदेशसभा भवन, सहकारी तथा गरिबी निवारण मन्त्रालय रहेको प्रादेशिक थोक बजार, जिल्ला अदालत मकवानपुरको भवन र सञ्चयकोष भवन भर्खरै निर्माण सम्पन्न भएर सञ्चालनमा आएका थिए ।

यस्तै, बागमती प्रदेशका १० वटा मन्त्रालयसमेत पूर्णरुपमा जलाइएको छ । कार्यालयभित्रका महत्वपूर्ण कागजपत्र, फर्निचर र अन्य सामग्री काम लाग्ने अवस्थामा छैनन् । हेटौंडा उपमहानगर पालिकामा फैलिएको आगोको बिहीबारसम्म निस्किरहेको देखिन्थ्यो । उपमहानगरपालिका पूर्णरुपमा जलेर नष्ट भएका छ । यस्तै, आन्दोलनका क्रममा हेटौंडा-१ चौकीटोलस्थित भाटघटेनी सुपरमार्केट, नेकपा एमाले, नेपाली काँग्रेसका पार्टी कार्यालय, एमाले प्रमुखसचेतक महेश वर्तौला, मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, संविधानसभा सदस्य अनन्त पौडेल लगायतका नेताका निजी निवासमा आगजनी भएको थियो ।

हेटौंडामा पछिल्ला दिनमा देखिएको अस्थिर अवस्था क्रमशः सुधार हुँदै गएको छ । आन्दोलनका कारण सृजित तनावपछि नेपाली सेनाले सुरक्षा व्यवस्थाको नेतृत्व लिएसँगै जनजीवन सामान्य अवस्थामा फर्कन थालेको हो । नेपाली सेनाले कर्फ्यूमा केही खुकुलोपन ल्याएको छ । बिहान ६ बजेदेखि १० बजेसम्म अत्यावश्यक कामका लागि नागरिकलाई बाहिर निस्कने अनुमति दिइएको छ । यो अवधिमा बजारमा केही चहलपहल देखिएको छ भने मानिसहरु आवश्यक सामग्री खरिद र अन्य कामका लागि बाहिर निस्किएको देखिन्छ । त्यसपछि बिहान १० बजेदेखि साँझ ५ बजेसम्म पुनः निषेधाज्ञा जारी गरिएको छ ।

जसअन्तर्गत सुरक्षाको लागि कडा निगरानी अपनाइएको छ । बेलुका ५ देखि ७ बजेसम्म भने निषेधाज्ञा केही खुकुलो पारिने जानकारी दिइएको छ । नेपाली सेनाले सुरक्षाकर्मी, सञ्चारकर्मी, पानी आपूर्ति तथा सरकारी कर्मचारीलाई परिचयपत्रका आधारमा आवतजावतको अनुमति दिएको छ । समग्रमा सेनाको नेतृत्वमा शान्तिसुरक्षा मजबुत बन्दै गएकाले हेटौंडाको जनजीवन पुनः सामान्यतातर्फ उन्मुख भएको देखिन्छ ।

# दलको संयुक्त विज्ञप्तिः संसद् विघटन तत्काल फिर्ता लिइयोस्



साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ प्रतिनिधिसभा विघटनको निर्णय फिर्ता लिन ८ राजनीतिक दलले आग्रह गरेका छन् ।

संसदमा प्रतिनिधित्व गरेका नेपाली कांग्रेस, नेकपा (एमाले), माओवादी केन्द्र, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले सामूहिक विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा विघटनको निर्णय फिर्ता लिई तत्काल संसद बैठक बोलाउन माग गरेका हुन् । 'नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम सुशासनको माग राखेर भएको आन्दोलनको मर्मविपरीत अलोकतान्त्रिक तथा असंवैधानिक ढंगले संसद छलेर सडकबाट सरकार गठन र प्रतिनिधिसभाको विघटन गरिएको छ ।

लोकतान्त्रिक र कानुनी राज्यमा सबै प्रकारका समस्याको समाधान संविधान र कानुन बमोजिम हुनुपर्ने र सबै निकायहरु संविधान र कानुनबमोजिम सञ्चालन हुनुपर्दछ भन्ने कुरामा हाम्रो अटल विश्वास रहेको छ,' विज्ञप्तिमा उल्लेख छ ।

नेपाली जनताको लामो संघर्ष र बलिदानीबाट प्राप्त लोकतन्त्र र संविधानसभाबाट जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान विपरीतका कदमलाई कुनैपनि मूल्यमा स्वीकार गर्न नसकिने आठ राजनीतिक दलका प्रमुख सचेतकहरुले बताएका छन् ।

जननिर्वाचित संस्था प्रतिनिधिसभालाई विघटन गरिएको भनिएको कार्य नेपालको संविधानको धारा ७६ को उपधारा (७), सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीर तथा सिद्दान्तहरु एवम् नेपालको संवैधानिक परम्परा विपरीत रहेको उनीहरुको ठहर छ । 'यस्तो कार्यले नेपाली जनताको मताधिकारको अवमूल्यन गर्नुका साथै संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार गरेको छ ।

तसर्थ, प्रतिनिधिसभा विघटन गरिएको भनिएको निर्णय फिर्तालिई तत्काल संसदको बैठक बोलाई जनता र आन्दोलनरत समूहको माग जननिर्वाचित संस्थाबाटै संबोधन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैसँग जोडदार माग गर्दछौं,' विज्ञप्तिमा उल्लेख छ ।

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा

## जनहितमा जारी सन्देश !

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु बारा पर्सा रौतहट लगायत अन्य जिल्लाहरुमा झाडापखाला, हैजा जस्ता पानीजन्य रोगहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरिरहेको साथै मकवानपुर जिल्लामा पनि पानी जन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन साथै गर्मि तथा बर्षायामसँगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन विभिन्न उपायहरु अपनाउन अनुरोध गरिन्छ । झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (Out Break) इन नदिन विभिन्न उपायहरु जस्तैः काँचै खाने फलफुल तथा तरकारीलाई सुरक्षित पानीले राम्रो संग पखालेर मात्र खाने, पानीलाई राम्ररी छोपेर राख्ने, भान्छालाई व्यवस्थित र सफा राख्ने, राम्रोसँग पाकेको कुराहरु मात्र खाने, भाडाकुडा लाइ राम्रोसँग भित्र बाहिर सफा गर्ने, खाना पकाउनु र पस्कनु अघि राम्रोसँग साबुन पानीले हातधुने, बच्चालाई खाना खुवाउने भाँडा जस्तैः दुधदानी चम्चा कचौरा आदि निर्मलीकरण गर्ने र बासी सडेगलेका झिँगा भन्केका खानेकुरा नखाने व्यवहारहरु अपनाउने गरौ । याद गर्नुहोस वर्षायामसंगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको लक्षणहरु देखा परेमा नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग जनस्वास्थ्य कार्यालय मकवानपुर सम्पर्क गरौं ।

जनस्वास्थ्य कार्यालय, मकवानपुर

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यांस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना